# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/१३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

महेन्द्रनगर माध्यामिक विद्यालय सूर्यपुरा, रुपन्देहीमा कार्यरत प्रा.वि. तृतीय तहका अस्थाई शिक्षक होमकला बलालले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी सेवा प्रवेश गरी कार्यरत रहेको हुँदा निजको शैक्षिक योग्यताका प्रमाण-पत्रहरु उपर छानबिन गरिपाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यामिक शिक्षा परिषद, उत्तर प्रदेश भारतबाट हाई स्कूल तह पास गरेको झुट्टा एवं नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सेवामा बहाल रही लाभ समेत लिएको पुष्टी भएकोले निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसूर भएको देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कसुरको मात्रा अनुसार जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(कालीप्रसाद पराजुली)
सह-सचिव